DAILY NEWSLETTER

As of June 11 , 2025

सर्वगुण Investor's Club

A Comprehensive Technical Analysis by SARBAGUNA INVESTMENT

नेप्सेमा सानो करेक्सन, हाइड्रोपावर समूह अझै पनि उकालो

नेप्से परिसूचक १३.६९ अंक घटेर २६६४.४७ विन्दुमा झरेको छ।

१० अर्ब १६ करोडको शेयर खरिदबिक्री भएको बजारमा यस दिन ३०७ स्टकको ८१ हजार ७०३ पटकको कारोबारमा ९ अर्ब ९० करोड ७० लाख ५ हजार रुपैयाँबराबरको २ करोड २० लाख ७५ हजार कित्ता शेयर खरिदबिक्री भएको छ।

प्राविधिक विश्लेषण

20D MA	वजार २०D MA भन्दा तल छ ।
MACD	नेप्सेमा हाल MACD मा Selling Pressure देखिएको छ ।
RSI	RSI 50 माथि छ ।

Support	2600-2580
Resistance	2750-2800

आजको बजारमा सानो मात्रामा करेक्सन (Correction) देखिएको छ, जुन हालको उकालो बजार प्रवृत्तिमा सामान्य र स्वस्थ प्रक्रिया मान्न सकिन्छ। यस्तो सानो करेक्सनले बजारलाई अझ बलियो आधार तयार गर्न सहयोग गर्छ।नेप्से सूचकांक हाल २८०० विन्दु नजिकको प्रमुख प्रतिरोध स्तर (Resistance Level) तर्फ बिस्तारै अगाडि बढ्दैछ। यो विन्दु विगतमा पनि प्राविधिक र मानसिक रूपमा महत्त्वपूर्ण मानिएको छ। लगानीकर्ताको मनोबल अहिले सकारात्मक देखिएको छ, विभिन्न क्षेत्रहरूमा राम्रो कारोबार देखिएको छ।